# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, साउन २७ गते २०५६ साल (अतिरिक्ताङ्क २०(अ+१)

## भाग ३

श्री ५ को सरकार

**स्वास्थ्य मन्त्रालयको सूचना**

**नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६**

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "विषय समिति" भन्नाले नियम १२ बमोजिम गठन भएको विषय समिति सम्झनु पर्छ ।

(ग) "पेशागत आचरण" भन्नाले नियम १३ बमोजिम निर्धारित पेशागत आचरण सम्झनु पर्छ ।

(घ) "जाँचबुझ समिति" भन्नाले नियम १४ बमोजिम गठन भएको जाँचबुझ समिति सम्झनु पर्छ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय, सरकारी वा गैर सरकारी वा नीजि स्तरबाट संचालित अस्पताल वा नर्सिङ्ग होम वा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी वा उप स्वास्थ्य चौकी वा अन्य कुनै नामबाट संचालित स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(च) "निर्वाचन" भन्नाले ऐनको दफा ४ को उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यहरूको लागि हुने निर्वाचन सम्झनु पर्छ ।

(छ) "मतदाता" भन्नाले नियम ३० बमोजिमको मतदाता सम्झनु पर्छ ।

(ज) "उम्मेदवार" भन्नाले नियम ३१ बमोजिमको योग्यता पुगी निर्वाचनमा उम्मेदवार भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "निर्वाचन समिति" भन्नाले नियम ३३ बमोजिम गठन भएको निर्वाचन समिति सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - २

## नाम दर्ता सम्बन्धी व्यवस्था

३. **स्वास्थ्य व्यवसायीहरूको तह र नाम दर्ताको लागि आवश्यक न्यूनतम योग्यता:** (१) स्वास्थ्य व्यवसायीहरूलाई देहाय बमोजिमको तहमा वर्गीकरण गरिएको छ:

(क) प्रथम तह,

(ख) द्वितीय तह, र

(ग) तृतीय तह

(२) उप-नियमं (१) बमोजिम वर्गीकृत स्वास्थ्य व्यवसायीको रूपमा परिषद्मा नाम दर्ता गर्नको लागि सम्बन्धित स्वास्थ्य व्यवसायीले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट देहाय बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिम प्राप्त गरेको हुनुपर्नेछ:-

(क) प्रथम तहको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण,

(ख) द्वितीय तहको लागि सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण,

(ग) तृतीय तहको लागि सम्बन्धित विषयमा कम्तीमा एक शैक्षिक वर्षको तालीम प्राप्त गरेको ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत श्री ५ को सरकारको स्वास्थ्य सेवामा बहाल रहेका कर्मचारीहरूको हकमा निजले सेवा प्रवेश गर्दाका बखत तोकिएको शैक्षिक योग्यता तथा उपाधि र सम्बन्धित विषयको तालिमलाई यस नियमावली बमोजिम नाम दर्ता गर्ने प्रयोजनको लागि न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ ।

४. **नाम दर्ता तथा पुनः नाम दर्ता दस्तुर:** (१) परिषद्मा स्वास्थ्य व्यवसायीहरूको नाम दर्ता गर्नको लागि देहाय बमोजिमको नाम दर्ता दस्तुर बुझाउनु पर्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रथम तहको लागि एकहजार रुपैयाँ,

(ख) द्वितीय तहको लागि सातसय रुपैयाँ,

(ग) तृतीय तहको लागि पाँचसय रुपैयाँ ।

(२ नियम १३ बमोजिम पेशागत आचरणको उलंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता भै परिषद्को दर्ता किताबबाट नाम हटेकोमा पुन: नाम दर्ता गर्नु परेमा शुरु नाम दर्ता दस्तुर सरहको दर्ता दस्तुर बुझाउनु पर्नेछ ।

(३) कुनै गैर नेपाली नागरिकले स्वास्थ्य व्यवसायीको रूपमा परिषद्मा आफ्नो नाम दर्ता गराउन चाहेमा उपनियम (१) बमोजिमको दस्तुरको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

५. <u>नाम दर्ताको लागि दरखास्त दिने</u>: (१) स्वास्थ्य व्यवसाय गर्नको लागि परिषद्मा आफ्नो नाम दर्ता गराउन चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा नियम ३ को उपनियम (२) बमोजिम निर्धारित शैक्षिक योग्यता वा उपाधि तथा तालीमको प्रमाणपत्रको अतिरिक्त त्यस्तो शैक्षिक योग्यता वा उपाधि तथा तालीमको प्रमाणपत्रको सम्बन्धमा आधिकारिक निकायबाट दिइएको कागजात, नियम ४ बमोजिम निर्धारित नाम दर्ता दस्तुर र नेपाली नागरिक भए नेपाली नागरिकताको प्रमाणपत्र र गैर नेपाली नागरिक भए राहदानी वा निजको परिचय जनिने गरी सरकारी निकायबाट जारी भएको परिचयपत्र समेत संलग्न गर्नु पर्नेछ ।

६. <u>दरखास्त उपर जाँचबुझ</u>: नियम ५ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा दरखास्त रीतपूर्वकको भएको, सम्पूर्ण कागजात तथा दरखास्त दस्तुर संलग्न भएको र शैक्षिक योग्यताको प्रमाण पत्र वा अन्य उपाधि मान्यता प्राप्त भएको देखेमा परिषद्को सम्बन्धित विषय समितिमा पेश गर्नु पर्नेछ ।

७. <u>दरखास्तको छानविन र विषय समितिको प्रतिवेदन</u>: नियम ६ बमोजिम रजिष्ट्रारबाट पेश हुन आएको दरखास्त उपर विषय समितिले आवश्यक

छानबिन गरी दरखास्त साथ संलग्न शैक्षिक योग्यताको प्रमाण पत्र वा अन्य उपाधि मान्यता प्राप्त हो वा होइन र विषयसँग सम्बन्धित छ वा छैन सो समेत विचार गरी त्यस्तो दरखास्तवालाको नाम परिषद्मा दर्ता गरी दर्ताको प्रमाणपत्र दिन उपयुक्त देखेमा आवश्यक सिफारिस सहितको प्रतिवेदन तीन महिनाभित्र परिषद्मा पेश गर्नु पर्नेछ ।

८. __नाम दर्ताको निर्णय:__ (१) नियम ७ बमोजिम पेश हुन आएको विषय समितिको सिफारिस प्रतिवेदन उपयुक्त देखिएमा परिषद्ले विषय समितिले सिफारिस गरेको दरखास्तवालाको नाम परिषद्मा दर्ता गर्ने निर्णय गर्नेछ ।

(२) गैर नेपाली नागरिकको हकमा बढीमा एक वर्षको लागि नेपाल अधिराज्यमा स्वास्थ्य व्यवसायीको रूपमा काम गर्न पाउने गरी परिषद्मा नाम दर्ता गर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम अवधि तोकी नाम दर्ता गराएको गैर नेपाली नागरिकले सो अवधि समाप्त भएपछि पनि पुन: आफ्नो नाम परिषद्मा दर्ता गराउन चाहेमा पुन: नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त परेमा यस नियमावलीमा उल्लिखित अन्य कार्यविधि पूरा गरी परिषद्ले त्यस्ता गैर नेपाली नागरिकको नाम एक पटकमा एक वर्षमा नबढ्ने गरी पुन: दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

९. __दर्ता किताब:__ (१) स्वास्थ्य व्यवसायीको नाम दर्ताको प्रयोजनको लागि रजिष्ट्रारले अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता किताब राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता किताब राख्दा स्वास्थ्य व्यवसायीहरूको विषयगत तथा तहगत आधारमा छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्नेछ ।

१०. __नाम दर्ता प्रमाणपत्र:__ (१) नियम ८ को उपनियम (१) बमोजिम परिषद्ले नाम दर्ता गर्ने निर्णय गरेका दरखास्तवालाको नाम रजिष्ट्रारले दर्ता किताबमा दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(२) नियम ८ को उपनियम (२) बमोजिम कुनै गैर नेपाली

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नागरिकको नाम परिषद्मा दर्ता गर्ने निर्णय भएको रहेछ भने त्यस्तो गैर नेपाली नागरिकलाई अवधि तोकेर मात्र नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

११. <u>नाम दर्ता नभएको जानकारी दिने:</u> परिषद्मा नाम दर्ताको लागि दिएको दरखास्त उपर कारवाई हुँदा परिषद्ले कुनै कारणवस त्यस्तो दरखास्तवालाको नाम दर्ता नगर्ने गरी निर्णय गरेकोमा रजिष्ट्रारले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित दरखास्तवालालाई सो को जानकारी दिनु पर्नेछ ।

## परिच्छेद - ३

## विषय समिति सम्बन्धी व्यवस्था

१२. <u>विषय समितिको गठन:</u> (१) ऐनको दफा १२ को प्रयोजनको लागि स्वास्थ्य व्यवसाय अन्तर्गत देहाय बमोजिमका विषय समितिहरू रहने छन् :-

(क) जनस्वास्थ्य समिति

(ख) चिकित्सा समिति

(ग) निदान समिति

(घ) पुन:स्थापन समिति

(ङ) आयुर्वेद समिति

(च) विविध समिति

(२) उपनियम (१) बमोजिम गठित समितिहरू अन्तर्गत रहने विषयहरू परिषद्ले तोके बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिमका विषय समितिहरूमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरू रहने छन् :-

(क) विषयसँग सम्बन्धित सदस्यहरूमध्येबाट परिषद्ले तोकेको एकजना - संयोजक

(ख) सम्बन्धित विषय अध्ययन अध्यापन गराइने शिक्षण संस्थाबाट परिषद्ले तोकेको कम्तीमा उप-प्राध्यापक स्तरको एकजना - सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सम्बन्धित विषयका विशेषज्ञहरू मध्ये परिषद्ले तोकेको विशेषज्ञ दुईजना - सदस्य

(घ) रजिष्ट्रार -सदस्य-सचिव

(४) उपनियम (३) को खण्ड (क) को प्रयोजनको लागि विषयसँग सम्बन्धित व्यक्ति परिषद्को सदस्य नभएको अवस्थामा अन्य सदस्यहरूमध्येबाट विषय समितिको संयोजक तोकिने छ।

## परिच्छेद - ४

## पेशागत आचरण सम्बन्धी व्यवस्था

१३. पेशागत आचरण: (१) ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि दर्तावाला स्वास्थ्य व्यवसायीहरूले स्वास्थ्य व्यवसाय गर्दा देहाय बमोजिमको पेशागत आचरणको पालना गर्नु पर्नेछ :-

(क) अनुशासन तथा इमान्दारीता: अनुशासित रूपमा ईमान्दारीताका साथ स्वास्थ्य व्यवसाय गर्नु पर्नेछ।

(ख) शिष्टता तथा गोप्यता कायम राख्ने: स्वास्थ्य व्यवसायको क्रममा सम्पर्कमा आउने व्यक्तिहरूसँग शिष्ट व्यवहार गर्नु पर्नेछ। कसैको व्यक्तिगत जीवनको बारेमा वा स्वास्थ्यको बारेमा आफूलाई जानकारी भएको कुरा प्रचलित कानून बमोजिम कसैलाई बताउनु पर्ने अवस्थामा बाहेक अन्यत्र कतै व्यक्त गर्न हुँदैन।

(ग) भेदभाव गर्न नहुने: व्यावसायिक ज्ञान र शीपको प्रयोग गर्दा धर्म, वर्ण, लिङ्ग र सामाजिक जातजाति वा अन्य कुनै पनि कुराको आधारमा कुनै पनि व्यक्ति उपर भेदभाव गर्नु हुँदैन।

(घ) जिम्मेवारी भित्रको काम मात्र गर्नु पर्ने: आफूले

अध्ययन गरेको विषय वा हासिल गरेको ज्ञान र सीपसँग सम्बन्धित क्षेत्र भित्रको मात्र कार्य वा सुझाव वा सिफारिस गर्नु पर्नेछ । आफ्नो जिम्मेवारी तथा कार्य क्षेत्रभित्र नपर्ने विषयमा सम्बन्धित विषयको ज्ञान र दक्षता हासिल गरेको विशेषज्ञकहाँ सिफारिस गर्नु पर्नेछ ।

(ङ) स्वास्थ्य व्यवसायमा आँच आउने कार्य गर्न नहुने: सेवा वापत पाउने पारिश्रमिक भत्ता तथा अन्य सुविधा बाहेक पेशागत व्यवसायको प्रचार प्रसार गरी कुनै किसिमको अनुचित आर्थिक लाभ प्राप्त गर्न वा स्वास्थ्य व्यवसायको सेवामा आँच आउने किसिमको कुनै अनुचित क्रियाकलाप गर्न हुँदैन ।

(च) व्यक्तिगत उत्तरदायित्व: स्वास्थ्य व्यवसायीले व्यवसायको सन्दर्भमा आफूले गर्ने प्रत्येक काम व्यक्तिगत रूपमा उत्तरदायि हुने गरी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारित पेशागत आचरणको पालना गर्नु गराउनु सम्बन्धी सबै स्वास्थ्य व्यवसायीहरूको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

(३) उपनियम (१) बमोजिम निर्धारित पेशागत आचरणको पालना नगरेमा पेशागत आचरणको उल्लंघन गरेको मानिनेछ ।

## परिच्छेद- ५

## नाम हटाउने सम्बन्धि कार्यविधी

१४. जाँचबुझ समिति :- कुनै स्वास्थ्य व्यवसायीले नियम १३ बमोजिम पेशागत आचरणको उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम परिषद्को दर्ता किताबमा स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता गराएको भन्ने कुरा कुनै माध्यमबाट परिषद्लाई जानकारी हुन आएमा परिषद्ले सो सम्बन्धमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम कुनै स्वास्थ्य व्यवसायीलाई निलम्बन गर्दा सामान्यतया दुई महिना भन्दा बढी अवधिको लागि निलम्बन गर्न हुँदैन । सो अवधि भित्रै स्वास्थ्य व्यवसायी उपर लगाइएको आरोपको सम्बन्धमा कारवाई किनारा लगाई सक्नु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधि भित्र कारवाई किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा परिषद्को पूर्व स्वीकृति लिई बढीमा एक महिनासम्मको लागि निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) उपनियम (१) बमोजिम निलम्बन गरिएकोमा वा उपनियम (२) बमोजिम निलम्बनको अवधि बढाइएकोमा सो कुराको जानकारी सम्बन्धित स्वास्थ्य व्यावसायी र निज कुनै स्वास्थ्य संस्थामा कार्यरत भए त्यस्तो स्वास्थ्य संस्थालाई पनि दिनु पर्नेछ । त्यसरी कुनै स्वास्थ्य व्यवसायीलाई निलम्बनमा राख्ने जानकारी प्राप्त भएपछि सम्बन्धित स्वास्थ्य संस्थाले पनि सम्बन्धित स्वास्थ्य व्यवसायीलाई स्वास्थ्य संस्थाको सेवाबाट निलम्बन गर्नु पर्नेछ ।

१८. दर्ता किताबबाट नाम हटाउन प्रस्ताव गर्नु पर्ने : (१) नियम १६ बमोजिम सफाई पेश गर्न दिइएको म्याद-भित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट किन नहटाउने भनी निजलाई त्यस सम्बन्धमा स्पष्टीकरण पेश गर्न कम्तीमा तीस दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिंदा नियम १६ को उपनियम (३) बमोजिम पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यसको कारण समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिएकोमा सम्बन्धित व्यक्तिले पनि म्यादभित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

१९. जाँचबुझ समितिको प्रतिवेदन : (१) जाँचबुझ समितिले जाँचबुझको काम समाप्त गरेपछि परिषद् समक्ष आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवेदनमा कुनै व्यक्तिको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६२

नाम दर्ता कितावबाट हटाउनु पर्ने वा नपर्ने कारण सहितको आफ्नो राय ठहरको साथै प्राप्त सवुत प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

२०. <u>परिषदले निर्णय गर्ने</u> : नियम १९ बमोजिम जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन परिषद्ले अध्ययन गर्दा मूलत : आरोप लागेको व्यक्तिलाई नियम १६ र १८ बमोजिम क्रमश : सफाई र स्पष्टीकरण पेश गर्न पर्याप्त मौका दिए नदिएको तथा निजले पेश गरेका सफाई र स्पष्टीकरण तथा सो साथ संलग्न प्रमाण र जाँचबुझ समितिले आफूले संकलन गरेको प्रमाणको वस्तुनिष्ठ मूल्यांकन तथा विश्लेषण गरे वा नगरेको कुरा समेतलाई विचार गरी आरोप लागेको व्यक्तिले आरोपित कसूर गरे वा नगरेको सम्बन्धमा उचित मूल्यांकन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नु पर्नेछ ।

२१. <u>निर्णयको जानकारी</u> :- पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोपमा कुनै व्यक्तिको नाम परिषद्को दर्ता कितावबाट हटाउने गरी नियम २० बमोजिम परिषद्ले निर्णय गरेमा त्यस्तो निर्णयको जानकारी सम्बन्धित व्यक्ति र निज कुनै स्वास्थ्य संस्थामा कार्यरत भए त्यस्तो स्वास्थ्य संस्थालाई समेत दिनु पर्नेछ ।

२२. <u>निलम्बनको समाप्ती</u> :- पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको भनी कुनै व्यक्तिउपर लागेको आरोप नियम २० बमोजिम परिषद्बाट प्रमाणित भए वा नभएको अवस्थामा त्यस्तो व्यक्तिलाई नियम १७ बमोजिम निलम्बन गरेको भए त्यस्तो निलम्बन स्वत : समाप्त भएको मानिनेछ ।

## परिच्छेद–६

## पुनः नाम दर्ता सम्बन्धी कार्यविधि

२३. <u>पुनः नाम दर्ता</u> : पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको कारणबाट दर्ता किताबबाट नाम हटाइएको

व्यक्तिले मनासिव माफिकको कारण देखाइ पुनः नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णय भएमा रजिष्ट्रारले परिच्छेद - २ मा उल्लिखित कार्यविधि अपनाई दरखास्तवालाको नाम दर्ता कितावमा पुनः दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्ले कुनै व्यक्तिको नाम दर्ता किताबबाट हटाउने निर्णय गरेको मितिले एकवर्ष पूरा नभई सोही व्यक्तिको नाम पुनः स्वास्थ्य व्यवसायीको रुपमा परिषद्को दर्ता किताबमा दर्ता गरिने छैन ।

२४. अर्को विषय वा तहको स्वास्थ्य व्यवसायीमा नाम दर्ता : ऐन तथा यस नियमावली बमोजिम एक विषय वा तहमा नाम दर्ता भएको स्वास्थ्य व्यवसायीले अर्को विषय वा तहको योग्यता प्राप्त गरी योग्यता अनुसारको विषय वा तहमा नाम दर्ता गराउन चाहेमा परिच्छेद-२ मा उल्लिखित कार्यविधि पूरा गरी परिषद्ले त्यस्तो व्यक्तिको नाम परिषद्को दर्ता किताबमा दर्ता गर्ने निर्ण गर्न सक्नेछ ।

## परिच्छेद-७

## अध्यक्ष, सदस्य तथा रजिष्ट्रार सम्बन्धी व्यवस्था

२५. अध्यक्षको काम, कर्तव्य तथा अधिकार : ऐन तथा यस नियमावलीमा लेखिएका अन्य व्यवस्थाको अधीनमा रही अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) परिषद्को वैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को काम कारबाई व्यवस्थित, प्रभावकारी र सुचारु रुपबाट

सञ्चालन गर्ने,

(घ) संस्थाको प्रमुखको हैसियतले गर्नु, गराउनु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्ने, गराउने ।

२६. अध्यक्ष, सदस्य तथा रजिष्ट्रारको बैठक भत्ता र अन्य सुविधा : (१) अध्यक्ष, सदस्य तथा रजिष्ट्रारले परिषद्को बैठकमा भाग लिंदा प्रत्येक बैठकको लागि अध्यक्षलाई पाँचसय रुपैयाँ र सदस्य तथा रजिष्ट्रारलाई चारसय रुपैयाँ बैठक भत्ता दिइनेछ ।

(२) ऐन तथा यस नियामावली बमोजिम गठित अन्य समितिको बैठकमा भाग लिंदा प्रत्येक बैठकको लागि संयोजक, सदस्य तथा रजिष्ट्रारलाई चारसय रुपैयाँ बैठक भत्ता दिइनेछ ।

२७. रजिष्ट्रारको पारिश्रमिक : (१) श्री ५ को सरकारले श्री ५ को सरकारको सेवामा रहेको कर्मचारीलाई ऐनको दफा १३ बमोजिम परिषद्को रजिष्ट्रार भई काम गर्न तोकेमा परिषद्ले त्यस्तो रजिष्ट्रारलाई मासिक तीनहजार रुपैयाँ भत्ता दिइनेछ ।

(२) ऐनको दफा १३ बमोजिम श्री ५ को सरकारको सेवामा नरहेको व्यक्तिलाई श्री ५ को सरकारले रजिष्ट्रारको पदमा नियुक्ति गरेमा त्यस्तो रजिष्ट्रारलाई परिषद्ले स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको कम्तीमा आठौं तहमा कार्यरत कर्मचारीले पाउने तलब र भत्ता पाउने भए भत्ता समेत दिइनेछ ।

२८. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : ऐन र यस नियमावलीमा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) परिषद्को कोषको रेखदेख र नियन्त्रण गर्ने तथा सम्पत्तिको सुप्रबन्ध र स्याहार संभारको व्यवस्था गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेश गर्ने,

(घ) परिषद्को वार्षिक आय व्यय तथा पूरक आय व्ययको विवरण

तयार गर्ने,

(ङ) परिषद्बाट स्वीकृत बजेटको अधीनमा रही परिषद्को योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) परिषद्को आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने व्यवस्था गर्ने,

(छ) परिषद् र स्वास्थ्य व्यवसायीहरूवीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ज) परिषद्ले निर्देशन दिए बमोजिका अन्य कार्यहरु गर्ने, गराउने ।

## परिच्छेद–८

## निर्वाचन सम्बन्धी व्यवस्था

२९. निर्वाचन : ऐनको दफा ४ को उपदफा (१) को खण्ड (च) को प्रयोजनको लागि देहायका विषय समूहका दर्तावाला स्वास्थ व्यवसायीको प्रत्येक समूहबाट एकजनाको दरले चारजना सदस्य पदको लागि निर्वाचन हुनेछ :-

(क) जनस्वास्थ्य समूह,

(ख) चिकित्सा समूह,

(ग) निदान तथा पुनस्थापना समूह,

(घ) आयुर्वेद तथा विविध समूह ।

३०. मतदाता : (१) निर्वाचन समितिको गठन हुँदाको बखत परिषद्मा नाम दर्ता भैसकेका स्वास्थ्य व्यवसायीहरु सम्बन्धित विषय समूहबाट परिषद्मा प्रतिनिधित्व हुने सदस्य पदको निर्वाचनमा मतदाता हुनेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियम ८ को उपनियम (२) बमोजिम नाम दर्ता भएका गैर नेपाली नागरिकहरू परिषद्को सदस्य पदको निर्वाचनमा मतदाता हुन सक्ने छैनन् ।

३१. उम्मेदबारको योग्यता: निर्वाचनमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



८६

(क) स्वास्थ्य व्यवसायसँग सम्बनिधत विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको,

(ख) स्वास्थ्य व्यवसायमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ग) परिषद्मा आफू उम्मेदवार हुन चाहेको समूहसँग सम्बन्धित विषय समितिमा नाम दर्ता भएको ।

३२. निर्वाचित भएको मानिने (१) निर्वाचनमा सबै भन्दा बढी मत प्राप्त गर्ने व्यक्ति निर्वाचित भएको मानिनेछ ।

(२) तर कुनै समूहमा हुने निर्वाचनको लागि एक मात्र उम्मेदवार खडा भएमा त्यस्ता उम्मेदवार निर्विरोध निर्वाचित भएको मानिनेछ ।

३३. निर्वाचन समिति: (१) परिषद्ले नियम ३१ बमोजिम निर्धारित योग्यता भएका व्यक्तिहरूमध्येबाट एकजना सदस्यको अध्यक्षतामा अन्य दुईजना सदस्यहरू भएको तीन सदस्यीय एक निर्वाचन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित निर्वाचन समिति निर्वाचनको परिणाम प्रकाशन भएपछि स्वत: विघटन हुनेछ ।

(३) यस नियमावली बमोजिम निर्वाचन सम्पन्न गर्दा लागने सम्पूर्ण खर्च परिषद्को कोषबाट व्यहोरिनेछ ।

३४. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार: (१) निर्वाचनको लागि मतदाता नामावली प्रकाशन गर्ने, मतदाता नामावलीमा दावी बिरोधको सुनुवाई गर्ने, अन्तिम मतदाता नामावलीको प्रकाशन गर्ने, उम्मेदवारको मनोनयन पत्र जाँच्ने, मनोनयन पत्रमा दाबी बिरोधको सुनुवाई गर्ने, मतदान केन्द्र तोक्ने, मतदान गराउने, मत गणना गर्ने र निर्वाचनको परिणामको घोषणा गर्ने जस्ता निर्वाचन सम्बन्धी सम्पूर्ण काम, कर्तव्य र अधिकारको प्रयोग निर्वाचन समितिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्दा निर्वाचन सम्बन्धी फारामहरूको ढाँचाहरू तोक्ने, निर्वाचनको लागि अन्य आवश्यक निर्देशिकाहरू जारी गर्न र निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने व्यक्तिहरूलाई काममा लगाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ९
## विविध

३५. दण्ड सजाय: (१) ऐनको दफा २० विपरीत स्वास्थ्य व्यवसाय गर्ने व्यक्तिलाई दशहजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) ऐनको अन्य दफा र नियमावलीमा उल्लेखित प्रावधानहरू विपरीत कार्य गर्ने व्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

३६. नाम दर्ताको अभिलेख अद्यावधिक राख्नु पर्ने: (१) यस नियमावली बमोजिम परिषद्मा नाम दर्ता गरिएको प्रत्येक स्वास्थ्य व्यवसायीको नाम रजिष्ट्रारले विषयगत तथा तहगत रुपमा खडा गरिएको दर्ता किताबमा अद्यावधिक रूपमा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परिषद्को दर्ता किताबमा अद्यावधिक रुपमा राखिएको स्वास्थ्य व्यवसायीहरूको नाम प्रत्येक पाँच वर्षमा परिषद्ले सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

३७. विवरण उपलब्ध गराउनु पर्ने: (१) प्रत्येक दर्तावाला स्वास्थ्य व्यवसायीले नाम दर्ताको अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि परिषद्ले तोके बमोजिमको ढाँचाको विवरण फाराम भरी परिषद्लाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण फाराम उपलब्ध नगराउने स्वास्थ्य व्यवसायीहरूको नाम अद्यावधिक सूचीमा समावेश गरिने छैन ।

३८. समिति गठन गर्न सक्ने: (१) परिषद्ले कुनै नीतिगत विषयमा निर्णय गर्नुपर्दा तत्सम्बन्धी विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न सदस्यहरू र आवश्यकतानुसार विशेषज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यावधि परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

३९. अनुसूचीमा थपघट वा हेरफेर गर्ने अधिकार: श्री ५ को सरकारले परिषद्को सल्लाहमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकतानुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-१

## (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**नाम दर्ताको लागि दरखास्त दिने फाराम**

| हालसालै खिचिएको दुवैकान देखिने पासपोर्ट साइजको फोटो |
|---|

श्री नेपाल स्वास्थ्य व्यवसायी परिषद्,
काठमाडौं ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १६ र नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५५ को नियम ५ बमोजिम नेपाल स्वास्थ्य व्यवासायी परिषद्को दर्ता किताबमा नाम दर्ता गराउन देहाय बमोजिमको विवरण खोली यो दरखास्त पेश गरेको छु ।

१. पूरा नाम र थर :..............................
NAME: (IN BLOCK LETTERS) ........................................
२. जन्म मिति:- .............................................
३. बाबुको नाम:-.............................................
४. बाजेको नाम:-....................................
५. विवाहिता भए पति वा पत्नीको नाम:-...............................
६. स्थायी ठेगाना: अञ्चल:......जिल्ला:.........गाविस/नगरपालिका
................ वार्ड नं. ............. टोल .............. गाउँ.......
७. अस्थायी ठेगाना: अञ्चल: ......... जिल्ला:......... गाविस/नगरपालिका
................. वार्ड नं. ........... टोल ........... गाउँ ...........



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. पत्र व्यवहार गर्ने ठेगाना:- .........................................

९. कुनै स्वास्थ्य, संस्थामा कार्यरत भए सो संस्थाको नाम:
ठेगाना:-

१०. हाल दर्ता हुन चाहेको विषय: .................... तह: .................

११. यस भन्दा अघि कुनै व्यवसायी परिषद्मा नाम दर्ता भएको भए:-
परिषद्को नाम:-
दर्ता नं.............. मिति:............ विषय............ तह...........

१२. <u>शैक्षिक योग्यता वा उपाधिको विवरण</u>

(क) <u>सामान्य</u>

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) व्यावसायिक

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C-60

उपरोक्त बमोजिम लेखिएको विवरण ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदकको

हस्ताक्षर..........................

पूरा नाम, थर ....................

मिति..............................

द्रष्टव्य: दरखास्तवालाले दरखास्त साथ पासपोर्ट साइजको तीन प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

### दर्ता किताब

| दर्तावाला स्वास्थ्य व्यवसायीको फोटो |
|---|

दर्ता नं. :

पेज नं. :

नामः

ठेगानाः

बाबुको नामः

कार्यरत संस्था र ठेगानाः

शैक्षिक योग्यताः

(क) सामान्य

१.

२.

३.

४.

(ख) व्यावसायिक

१.

२.

३.

४.

प्रमाणपत्र वाहकको हस्ताक्षरः

परषद्को निर्णय मितिः

दर्ता मितिः

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
562

विवरण भर्नेको सही: रजिष्ट्रारको हस्ताक्षर:

विवरण थप तथा परिवर्तन आदि

| मिति | विवरण | विवरण भर्नेको सही | रजिष्ट्रारको सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३

**(नियम १० को उपनियम (१) सँग सम्बन्धित)**

## नेपाल स्वास्थ्य व्यवसायी परिषद

## दर्ता प्रमाणपत्र

| दर्ता प्रमाणपत्र पाउनेको फोटो |
|---|

.................... अञ्चल ............. जिल्ला ....................... नगर पालिका/गाउँ विकास समिति, वार्ड नं. .................. वस्ने वर्ष ............ को ........... श्री ...................... लाई परिषद्को मिति.............. को निर्णय अनुसार ................. विषयको .................. तहमा दर्ता किताबमा नाम दर्ता गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १७ को उपदफा (४) तथा नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५५ को नियम १० बमोजिम यो दर्ता प्रमाणपत्र दिइएको छ ।

दर्ता नम्बर:

दर्ता प्रमणपत्र जारी भएको मिति:

परिषद्को छाप:

हस्ताक्षर .......................

नाम ...........................

रजिष्ट्रार

<u>द्रष्टव्य:</u> गैर नेपाली नागरिकको हकमा यो प्रमाणपत्र जारी भएको मितिले एक वर्षसम्मको लागि मात्र मान्य हुनेछ ।

आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग सिंहदरबार

अनुसूची- ४

(नियम ११ सँग सम्बन्धित)

नेपाल स्वास्थ्य व्यवसायी परिषद्

<u>नाम दर्ता नभएको जानकारी</u>

श्री ........................

..............................

..............................

तपाईले परिषद्मा नाम दर्ता गराउनको लागि मिति................ मा दिनु भएको दरखास्त उपर जाँचबुझ हुँदा देहायको कारणले तपाईको नाम परिषद्को दर्ता किताबमा दर्ता नगर्ने निर्णय परिषद्बाट मिति ............... मा भएको जानकारी गराउँदछु ।

<u>नाम दर्ता नगरिएको कारण:</u>

(क)

(ख)

(ग)

हस्ताक्षर........................

नाम : ........................

रजिष्ट्रार

आज्ञाले,

**श्रीकान्त रेग्मी**

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । ८०१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C66

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, भदौ १ गते २०५६ साल (अतिरिक्ताङ्क २० (आ)


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भंसार ऐन,२०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कुनै यात्रुले आफ्नो निजी गुण्टा, झिटी भारीमा आफूसंग ल्याएका वा लगेको (एकम्पनिड) वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड) माल सामानमा लाग्ने भंसार महसूल सुविधा सम्बन्धमा श्री ५ को सरकारको निर्णय अनुसार मिति २०५४।८।१ देखि लागू भएको गुण्टा झिटी भारी आदेशमा संशोधन गरी मिति २०५६।५।१ गतेदेखि लागू हुने गरी देहाय बमोजिमको व्यवस्था गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद - १

नेपाली यात्रुका लागि

१ विदेशवाट फर्केका नेपाली यात्रुका सम्वन्धमा

(१) प्रयोगका पुराना सामान

यात्रुले आफ्नो प्रयोगमा ल्याएका यसै सूचनाको अनुसूची-१ वमोजिमका सामान मध्ये कुनै वा सबै सामान ल्याउन पाउनेछ । यस्तो सामानमा भंसार महसूल लाग्ने छैन ।

(२) भारत वाहेक तेश्रो मुलुकवाट फर्केका यात्रुले आफ्नो निजी व्यवहारका सामान ल्याउन पाउने

(क) परिवर्त्य विदेशी मुद्राको आधिकारीक श्रोत भएका वा नभएका जुनसुकै यात्रुले निजी व्यवहारका लागि आफू पुगेको ठाउंवाट यसै सूचनाको अनुसूची-२ वमोजिमका सामानमध्ये कुनै वा सबै सामान ल्याउन पाउनेछ ।

(ख) खण्ड (क) वमोजिम यात्रुले आफु आउनु अघि वा पछि चलान गरेको सामान निज नेपाल प्रवेश गरेको मितिले ६ महिनाभित्र भंसार गोदाममा दाखिल भैसकेको हुनु पर्नेछ ।

(ग) खण्ड (क) वमोजिम कुनै यात्रुले यस सूचनाको अनुसूची-२ वमोजिमको सामान ल्याएमा श्री ५ को सरकारले समय समयमा निर्धारण गरे बमोजिम भंसार महसूल लाग्नेछ ।

(घ) सेमिनार, अध्ययन, अनुसन्धान तथा शोधकार्यको लागि विदेश ओहर दोहर गर्ने नेपाली नागरिकले सो प्रयोजनको लागि प्रयोग गर्ने आधिकारिक प्रमाण पेश गरेमा साथ ल्याउने लैजाने कम्प्यूटर थान १ पासपोर्टमा जनाई छाड्न सकिनेछ ।

(३) भंसार महसूल छुट दिइने

(क) विदेशमा १५ रातभन्दा बढी अवधि विताई फर्केका परिवर्त्य विदेशी मुद्राको आधिकारिक श्रोत भएका यात्रुले आफू पुगेको ठाउंवाट अनुसूची-२ वमोजिमको सामान आफूसाथ ल्याएमा निम्न वमोजिमको मूल्यसम्ममा लाग्ने भंसार महसूल पूर्ण अंशमा छुट दिइनेछ । छुट सीमा भन्दा बढी मूल्यको



868

सामान भएमा बढी मूल्यमा दफा १ को उपदफा (२) को खण्ड (ग) बमोजिम समदरमा भंसार महसूल लाग्नेछ ।

छुट सीमा :

१) १५ रातभन्दा बढी ३० रातसम्म विदेशमा बसी फर्केमा रु.१,०००।- सम्म,

२) ३० रात भन्दा बढी १८० रातसम्म विदेशमा बसी फर्केमा रु.३,०००।- सम्म,

३) १८० रात भन्दा बढी ३६५ रातसम्म विदेशमा बसी फर्केमा रु.५,०००।- सम्म,

४) ३६५ रात भन्दा बढी जतिसुकै अवधि विदेशमा बसी फर्केमा रु.६,०००।- सम्म ।

(ख) यो छुट सुविधा एक आर्थिक वर्षमा एकपटक मात्र दिइनेछ ।

(ग) १६ वर्षभन्दा कम उमेरका यात्रुले उपर्युक्त छुट सीमाको ५०% (प्रतिशत) मात्र सुविधा पाउनेछ ।

(घ) श्री ५ को सरकारले तोकेको काममा विदेश गएको व्यक्तिले एक आर्थिक वर्षमा दोश्रो पटकदेखि प्रत्येक पटक वाहिर गई फर्कदा ल्याएको सामानमध्ये रु.१,०००।- सम्मको मूल्यमा भंसार महसूल छुट दिइनेछ ।

तर यो छुट सुविधा एक आर्थिक वर्षमा बढीमा ३ पटकसम्म गरी जम्मा रु.५,०००।- भन्दा बढी दिइने छैन ।

४) भंसार महसूल छुट नपाउने

देहायका अवस्थामा विदेशवाट फर्केका यात्रुलाई भंसार महसूल छुट दिइने छैन :-

(क) परिवर्त्य विदेशी मुद्रा आर्जनको आधिकारिक प्रमाण भएता पनि १५ रात भन्दा कम अवधि विदेशमा बसेको भए,

(ख) जतिसुकै अवधि विदेशमा बसेको भएतापनि परिवर्त्य विदेशी मुद्रा आर्जनको आधिकारिक प्रमाण नभएमा,



मुद्रण विभाग, सिंहदरबार

(ग) कुटनीतिक नियोगमा काम गर्ने पदाधिकारी तथा कर्मचारी वाहेक भारतवाट फर्केका यात्रुलाई,

(घ) अनुसूची-२ मा तोकिएको संख्याभन्दा बढी सामान ल्याएमा वा अनुसूची-२ मा नपरेका सामान ल्याएमा ।

५) <u>थप महसूल सम्वन्धी व्यवस्था</u> :

(क) अनुसूची २ बमोजिमका सामान तोकिएको संख्या भन्दा बढी ल्याएमा वा सो अनुसूचीमा उल्लेख भएको बाहेक अन्य सामान ल्याएमा प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) कुनै यात्रु अस्वाभाविक तरिकाले (जस्तै- मौसम अनुसार आवश्यक पर्ने भन्दा बढी लुगा वा एक भन्दा बढी घडी, गगल्स, क्यामेरा वा अन्य सामान) शरीरमा लगाई आएमा त्यस्तो बढी सामानको विवरण भंसारमा घोषणा गरेमा नियमानुसार लाग्ने महसुल लिइ जान दिइनेछ, अन्यथा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(ग) विदेशमा वसेका व्यक्तिले नेपाल स्थित आफन्त वा परिवारका सदस्यलाई अनुसूची-२ वमोजिम तोकिएको परिमाणसम्मका सामानमध्ये यु.एस.डलर ४००।- सम्मको कुनै सामान पठाएमा प्रमाण हेरी लाग्ने समदरमा भंसार महसूल लगाई जांचपास गर्न सकिनेछ ।

(घ) अनुसूची-२ बमोजिमका सामान वाहेक अन्य सामान श्री ५ को सरकारको स्वीकृति वा आयात इजाजत पत्र विना यो सूचना अन्तर्गत पैठारी गर्न पाइने छैन ।

(ङ०) आयात इजाजत पत्र प्राप्त गरी सामान आयात गरेमा थप महसूल लिइने छैन र भंसार महसूल दरवन्दी अनुसार असुल गरिनेछ ।

६) <u>जफत हुने सामान</u> :

(क) कुनै यात्रुले भंसारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याएमा त्यस्ता सामानहरु जफत गरी कानून वमोजिम कारवाही हुनेछ ।

(ख) श्री ५ को सरकारले समय समयमा सूचना प्रकाशन गरी पैठारीमा पूर्ण वन्देज लगाएका वस्तुहरु पैठारी गरेमा त्यस्ता वस्तु जफत गरी कानून बमोजिम कारवाही हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८८०

तर आयात इजाजत पत्र पेश भएको अवस्थामा उपर्युक्तानुसारको कारवाही हुने छैन ।

(ग) कुनै यात्रुले आफ्नो सामान भंसार जांचपासको लागि घोषणा गर्दा मालवस्तुको विवरण वा परिमाण वा दुवै फरक पारेमा सो सामान जफत हुनेछ ।

७) **सुन चांदी ल्याउन पाउने** :

भारत वाहेक तेश्रो मुलुकवाट फर्केका यात्रुले देहाय वमोजिमको परिमाणमा नवढाई सुन, चांदी (गरगहना समेत) आफ्नो साथमा ल्याउन पाउनेछ । यसरी पैठारी भएको सुन, चांदी र गर गहनामा श्री ५ को सरकारले कायम गरेको मूल्यमा प्रचलित भंसार दरवन्दी वमोजिम भंसार महसूल लाग्नेछ ।

(क) १५ रातभन्दा बढी ३० रातसम्म विदेशमा बसी फर्केका यात्रुले १ किलो ग्रामसम्म सुन र १० किलोग्रामसम्म चांदी (गरगहना समेत)।

(ख) ३० रातभन्दा बढी अवधि विदेशमा बसी फर्केका यात्रुले १० किलो ग्रामसम्म सुन र १५० किलो ग्रामसम्म चांदी (गरगहना समेत) ।

८) **विविध** :

(क) विदेशवाट सामान आयात गर्न वा प्रयोग गर्न श्री ५ को सरकारको पूर्व स्वीकृति लिनुपर्ने भएमा सो पेश नगरेसम्म सामान जांचपास गरिने छैन ।

(ख) कुनै नेपाली नागरिकको विदेशको बसाईमा मृत्यु भएको रहेछ भन्ने प्रमाणित भएमा निज र निजको परिवारको निजी प्रयोगका (सवारी साधन वाहेक) पूराना सबै किसिमका सामानहरु स्वदेशमा फिर्ता ल्याउँदा भंसार महसूल लाग्ने छैन ।

(ग) भारत वाहेक तेश्रो मुलुकवाट स्वदेश फर्कने नेपाली यात्रुले तोकिए वमोजिमको फाराम भरी भंसार कार्यालयमा पेश गर्नु पर्नेछ ।

(घ) विदेशवाट फर्केका यात्रुले ल्याएको सामान अन्य व्यक्तिको नाममा जम्मा गर्न वा नामसारी गरी छुटाउन पाइने छैन ।

(ङ०) यो सूचनामा भएको व्यवस्था सम्वन्धमा कुनै द्विविधा परेमा भंसारको मुख्य अधिकारीको निर्णय अन्तिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. क्रु मेम्बरका सम्वन्धमा :

उडानमा गएका क्रु मेम्बरले आफ्नो प्रयोगमा ल्याइएका निजी सामान वाहेक अरु नयां सामान (रक्सी, चुरोट समेत) ल्याउन पाउने छैन, ल्याएमा जफत हुनेछ।

तर, -

१) यात्रुको हैसियतले भ्रमण गर्दा निजले अनुसूची-२ वमोजिमका सामान अन्य यात्रु सरह ल्याउन पाउनेछ ।

२) भंसार महसूल छुट सुविधा पाउन दफा १ को उपदफा (३) को शर्त पूरा हुनुपर्नेछ ।

३) विदेश जाने नेपाली यात्रुका सम्वन्धमा :

१) आफ्नो प्रयोगका पुराना सामान : यात्रुले विदेश जांदा आफ्नो प्रयोगका लागि अनुसूची-१ वमोजिमका सामानमध्ये कुनै वा सबै लैजान पाउनेछ । यस्तो सामानमा भंसार महसूल लाग्ने छैन ।

२) उपहारका सामान : नेपाली नागरिक विदेश जांदा सौगातको रुपमा नेपालमा उत्पादन भएका वस्तुहरु (मनाही वा नियन्त्रित वस्तु वाहेक) मूल्य रु.१०,०००।- सम्म कुनै महसूल, कर, शुल्क नलगाई लैजान दिइनेछ ।

३) नेपाली उत्पादनका सामान : एयरलाइन्सले यात्रुलाई साथै लैजान दिने तौलसम्मको नेपाली उत्पादनका वस्तुहरु (मनाही वा नियन्त्रित वस्तु वाहेक) लैजान चाहेमा तोकिएको कागजातहरु पेश गरी तोकिए बमोजिमको शुल्क/महसूल तिरी लैजान पाउनेछ । यसरी साथै लैजांदा अग्रिम भुक्तानी वा एल.सी. (प्रतित पत्र) आवश्यक पर्ने छैन ।

४ परिवर्त्य विदेशी मुद्राको आधिकारिक श्रोतको परिभाषा :

यो सूचनामा उल्लेखित "परिवर्त्य विदेशी मुद्राका आधिकारिक श्रोत" भन्नाले देहाय बमोजिमको कुनै आधिकारिक प्रमाण सम्झनु पर्छ :-

(क) श्री ५ को सरकारको विदेशस्थित नियोगले विदेशमा आर्जन गरेको भनी प्रमाणित गरी दिएको,

(ख) अन्तरराष्ट्रिय संघ संस्था वा विदेशी सरकारको कार्यालय वा संस्थाले भुक्तानी दिएको भनि प्रमाणित गरिदिएको,

(ग) खण्ड (ख) मा उल्लेख भएदेखि वाहेक अन्य कुनै विदेशी संस्थाले काममा लगाए वापत पारिश्रमिक स्वरुप भुक्तानी दिएको भनि प्रमाणित गरिदिएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८२

(घ) विदेशस्थित वैंकहरुमा खाता खोली विदेशी मुद्रा जम्मा गरेको भनी वैंकले दिएको प्रमाण

(ङ०) पासपोर्ट, हवाई टिकट तथा औषधोपचारको लागि प्राप्त सटही सुविधा वाहेक वैंक मार्फत विदेशी मुद्रा प्राप्त गरेको प्रमाण ।

५. सिमानामा ओहोर दोहोर गर्ने व्यक्तिका लागि

सिमानामा ओहोर दोहोर गर्ने व्यक्तिहरुलाई माथि दफा दफाहरुमा उल्लेख भएका सुविधाहरु दिइने छैन ।

तर, रु.१०००।- सम्म मोल पर्ने निजी प्रयोगका मालसामान साथै ल्याए वा लगेमा भंसार प्रमुखले औचित्य हेरी महसूल नलिइ छाड्न सक्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

## परिच्छेद - २

## विदेशी यात्रुका लागि

६. पासपोर्ट लिइ आउने जाने विदेशी यात्रुहरुका लागि निजी प्रयोगका पुराना सामानमा महसूल नलाग्ने गरी देहाय बमोजिम सुविधा दिइनेछ :-

(अ) पछि फिर्ता ल्याउने वा लैजाने शर्तमा छाडिने :

(क) चलन चल्तीमा ल्याएको वाइनाकुलर (दुरविन) गोटा एक ।

(ख) चलन चल्तीमा ल्याएको मुभी क्यामरा वा भिडियो क्यामरा गोटा एक, स्टील क्यामरा गोटा एक । (भिडियो क्यामरा वा मुभी क्यामरा र कम्प्यूटर एक पासपोर्टमा जनाई छाड्ने) ।

(ग) चलन चल्तीमा ल्याएको पोर्टेवुल म्यूजिक सिष्टम एक थान र रेकर्ड क्यासेट र खाली क्यासेटहरु १० थान (पासपोर्टमा जनाई छाडिने) ।

(घ) चलन चल्तीमा ल्याएका लुगाफाटाहरु, नरविछ्यौना कसन तमन, घर गृहस्थीका पुराना वस्तुहरु ।

(ङ०) पेराम्बुलेटर गोटा एक, ट्राइसाइकल एक ।

(च) चलन चल्तीमा ल्याएका फाउण्टेन पेन एक, डट्पेन वा सीसाकलम सहितको सेट एक ।

(छ) चलन चल्तीमा ल्याएको घडी एक ।

(ज) निम्न बमोजिमका पेशामा लागेको व्यक्ति भए सो सम्वन्धी कामको सामान जस्तै :-

(१) कर्मीले काम गर्नको निमित्त चलन चल्तीमा ल्याएको ज्यावल बढीमा एक सेट ।

(२) डाक्टरले काम गर्नको निमित्त चलन चल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरु र सम्वन्धित विशेषज्ञले चलन चल्तीमा ल्याएको आवश्यकीय सामानहरु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) गवैयाको गाना वजानाको यन्त्र एवं गाना वजाना सम्वन्धी आवश्यक सामान ।

(४) चलन चल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधी राख्ने सानो बाकस (बृफकेश टाइप)

(५) खेलाडीको खेलको सामान ।

(६) माछा मार्ने रड ।

उपरोक्त मालवस्तु वाहेक विदेशी पर्यटकले ल्याउने लैजाने सामानहरु भंसार प्रमुखले औचित्य ठहराएमा विना महसूल वा कानून वमोजिम लाग्ने महसूल लिइ ल्याउन लैजान दिन सक्नेछ ।

(आ) खपत हुने मालसामान:

(क) रक्सी बोतल एक १.१५ लिटरसम्मको वा वियर १२ क्यानसम्म ।

(ख) चुरोट २०० खिल्ली, सिगार ५० खिल्ली, टोबाको २५० ग्रामसम्म ।

(ग) क्यामराको फिल्म १५ गोटा र मुभी फिल्म १२ रीलसम्म ।

(घ) औषधी रु.१,०००।-सम्म (नेपालमा पैठारी मनाही भएका औषधीहरु वाहेक) ।

(ङ०) खानेकुराहरु टीन प्याक समेत रु.१,०००।- सम्मको ।

(च) ताजा फलफूल रु.१०००।- सम्मको ।

(इ) विदेशी यात्रुले नेपाल अधिराज्यबाट लैजान सक्ने सौगातको हकमा निजले नेपाल अधिराज्यमा विदेशी मुद्रा सटही सम्वन्धी कारोवार गर्ने वैंक वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसंग विदेशी मुद्रा सटही गरेको प्रमाणित हदसम्म नेपालमा उत्पादित मालसामान विना इजाजत पत्र (निकासीमा वन्देज लागेको वाहेक) लैजान वा पठाउन सक्नेछ ।

७ खारेजी:

खण्ड ४७ अतिरिक्ताङ्०क ३८ (अ) मिति २०५४।८।१ नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्वन्धी सूचना खारेज गरिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १

### (दफा १ को उपदफा (१) र दफा ३ को उपदफा (१) संग सम्वन्धित)

भंसार महसूल पूर्ण रुपमा छुट हुने गरी ल्याउन पाउने प्रयोग भई सकेका निजी सामान

१. लुगाफाटा, बरबिछ्यौना, घर गृहस्थीका पुराना वस्तुहरु,

२. औषधी उपचार गराई फर्केका विरामीले ल्याएका औषधीहरु,

३. शारीरिक अशक्त यात्रुले सहाराको रुपमा प्रयोग गरेका सामान,

४. सुन तथा सुनको गहना ३ तोलासम्म वा चांदी तथा चांदीको गहना ५० तोलासम्म वा रु.२०,०००।- सम्मको जवाहरात जडित गहना गुरिया,

५. चुरोट २०० खिल्लीसम्म वा सिगार ५० खिल्लीसम्म वा तयारी सूर्ति २५० ग्रामसम्म, मदिरा १.१५ लिटरसम्मको १ वोतल वा वियर १० क्यानसम्म,

६. घडी, क्यामरा, टेप रिकर्डर, क्याम कर्डर ८ एम. एम. को, कलम, डट्पेन, थर्मस, क्याल्कुलेटर एक एक थान,

७. बच्चा राख्ने पेराम्बुलेटर, ट्राइसाइकल एक एक थान,

८. पेशागत यात्रुले प्रयोग गरी आएको अन्य सामान्य प्रकारका सामानहरु एक एक थान ( जस्तै डाक्टरका लागि ब्लड प्रेसर नाप्ने सामान्य यन्त्र वा स्टेथेस्कोप, खेलाडीको खेलकूद सम्वन्धी सामान्य सामान जस्तै फुटवल, भलिबल, वैडमिन्टन, गवैयाको सामान्य बाजा जस्तै- गितार हार्मोनियम, तबला, जस्ता सामानहरु) ।

९. सामान्य प्रकारका खाने कुराहरु (बढीमा ४ किलोसम्म) ।

१०. सि.नं ४ र ५ मा तोकिएको तौल, संख्या वा रकम भन्दा बढीको सामान ल्याएमा बढी जति जफत गरी कानून बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- २

**(दफा १ को उपदफा (२) को खण्ड (क) र (ग) उपदफा (३) को खण्ड (क), उपदफा (४) को खण्ड (घ), उपदफा (५) को खण्ड (क),(ग),(घ) र दफा २ को खण्ड (१) संग सम्बन्धित)**

श्री ५ को सरकारले समय समयमा तोकेको समदरमा भन्सार महसुल तिर्ने गरी भारत बाहेक तेस्रो मुलुकबाट फर्केका यात्रुले ल्याउन पाउने आफ्नो निजी व्यवहारका सामान देहाय बमोजिमका हुनेछन्।

१. विद्युत वा व्याट्रीबाट संचालन हुने उपकरणहरुमा टेलिभिजन, भिडियो डेक, रेफ्रिजरेटर, वासिङ्ग मेशिन, पंखा, रेडियो, सि.डि.प्लेयर, भि.सि.डि.(प्लेयर), भिडियो क्यामरा १।१ थान र कम्प्यूटर सेट एक।

२. शरीरमा लगाउने लुगाफाटा, जुत्ता, कष्मेटिक्स आदि बढीमा १५।१५ थान।

३. घरायसी प्रयोगका सामान्य किसिमका (मिक्सर, जुसर, सिलाइ मेशिन, ग्याँसटेबुल, इस्त्री, राइस कुकर जस्ता) तयारी सामान (उपकरण) २।२ थान।

४. बढीमा १० किसिमका खाद्य परिकार ३।३ किलो।

५. व्यवसायिक पेशामा लागेका (डाक्टर, इन्जिनियर जस्ता) यात्रुको दक्षता बृद्धिको लागि आवश्यक पर्ने सामान २।२ थान।

६. माथि १ देखि ५ सम्मका सामान बाहेक नितान्त घर व्यवहारमा आवश्यक पर्ने वस्तु बढीमा २।२ थान।

तर, १५ रातभन्दा कम समय विदेशमा बसी फर्कने यात्रुले उपर्युक्त सामान १।१ थान भन्दा बढी संख्यामा वा खाद्य परिकारको हकमा सबै किसिम गरी जम्मा ५ किलोग्राम भन्दा बढी ल्याउन पाउने छैन। ल्याएमा जफत हुनेछ।

७. यात्रुले ल्याउन पाउने आफ्नो निजी व्यवहारका उपर्युक्त सामानहरु कुनै यात्रुले माथि लेखिए भन्दा बढी संख्या वा परिमाणमा ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार संख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखि भन्सार कार्यालयका प्रमुखले औचित्य हेरी लाग्ने समदरको महसुल लिई जाँचपास गर्ने स्वीकृति दिन सक्नेछ।

८. वाणिज्य मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सामान तोकिएको आधारमा ल्याउन पाउने व्यवस्था गरेमा त्यस्तो सूचनाको अधिनमा रही, यात्रुले ल्याउने १।१ थानसम्म सामानमा भन्सार महसुल समदरमा नलगाई साधारण दरमा लगाइनेछ। यस्तोमा यसै सूचनाको परिच्छेद १ को दफा ३ बमोजिमको छुट दिइने छैन।

आज्ञाले,

विमलप्रसाद कोईराला

श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९ ) काठमाडौं, भदौ १ गते २०५६ साल ( अतिरिक्ताङ्क २० ( क )

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

माननीय परराष्ट्र मन्त्री डा. श्री रामशरण महत दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको ११ औं शिखर सम्मेलनको तयारीको सन्दर्भमा परामर्श भ्रमणका लागि २०५६ साल भदौ १ गते भारततर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषि मन्त्री श्री चक्रप्रसाद वास्तोलाले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।

८८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।